कार्यपालिका बैठक सङ्ख्याः १८ (अठारौं)

अध्यक्षताः ठान बहादुर रोकाया

मितिः २०८२/०३/०९

समयः बिहान १० बजे

स्थानः सर्केगाड गाउँ कार्यपालिकाको कार्यालय

उपस्थितिः

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठान बहादुर रोकाया | अध्यक्ष | |
| २ | देबकी तिमल्सिना(रोकाया) | उपाध्यक्ष | |
| ३ | बल बहादुर कार्की | वडा नं. १ अध्यक्ष | |
| ४ | सिद्ध कार्की | वडा नं. २ अध्यक्ष | |
| ५ | अकिल बहादुर कार्की | वडा नं. ३ अध्यक्ष | |
| ६ | धनबहादुर छत्याल | वडा नं. ४ अध्यक्ष | |
| ७ | दल बहादुर सिंह | वडा नं. ५ अध्यक्ष | |
| ८ | पदम बहादुर शाही | वडा न.. ६ अध्यक्ष | |
| ९ | बल बहादुर खत्री | वडा नं. ७ अध्यक्ष | |
| १० | रंगमल रोकाया | वडा नं. ८ अध्यक्ष | |
| ११ | आइती ऐडी | कार्यपालिका सदस्य ६ | |
| १२ | बासु कामी | कार्यपालिका सदस्य २ | |
| १३ | याङ्गी थापा | कार्यपालिका सदस्य ३ | |
| १४ | सुपारी शाही | कार्यपालिका सदस्य ५ | |
| १५ | ज्ञानसिंह विक | कार्यपालिका सदस्य ७ | |
| १६ | रतिवाने वि. क. | कार्यपालिका सदस्य ७ | |
| १७ | कृष्ण केशर आचार्य | सदस्य सचिव | |

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
कर्णाली प्रदेश नेपाल
२०७२

**प्रस्तावहरुः**

१. आ.व. ०८२/०८३ को विनियोजन ऐन स्वीकृती तथा सभामा पेश गर्ने सम्बन्धमा।

२. आ.व. ०८२/०८३ को आर्थिक ऐन स्वीकृती तथा सभामा पेश सम्बन्धमा।

३. वार्षिक प्रतिवेदन माथी समीक्षा सम्बन्धमा।

४. वार्षिक बजेट तथा कार्यक्रम स्वीकृती सम्बन्धमा

**निर्णयहरुः**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट छलफल भइ स्विकृतिका लागि पेश भएको तथा आगामी आर्थिक वर्ष ०८२/०८३ को विनियोजन ऐनमाथि सैद्धान्तिक तथा दफावार छलफल गर्दा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम गाउँपालिकाको बजेटको प्राथमिकता तथा आवश्यकतालाइ सम्बोधन हुने गरी विनियोजन ऐनको मस्यौदा तयार गरिएको पाइएको हुँदा सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को विनियोजन ऐन, २०८२ सर्वसम्मतले पारित गरी सभाबाट स्विकृतिका लागि गाउँसभाको १६ औ अधिवेशनमा अध्यक्ष मार्फत पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको राजश्वको अवस्था कमजोर रहेको सम्भावित राजश्वका श्रोतहरुबाट समेत न्यून मात्रामा राजश्व संकलन भइरहेको तथा राजश्व संकलनको प्रमुख संकलन केन्द्रका रुपमा रहने वडा कार्यालयबाट संकलित राजश्व समेत निकै न्यून रहेको अवस्थामा आगामी आर्थिक वर्ष ०८२/०८३ को आर्थिक ऐनले यी र यसै प्रकारका समस्त समस्याहरुको समाधान खोज्दै राजश्व व्यवस्थापनलाइ पारदर्शी अनुमानयोग्य र प्रभावकारी बनाउन जरुरी देखिन्छ। सर्केगाड गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिले गाउँपालिकाको राजश्व वृद्धि तथा व्यवस्थापनका क्षेत्रमा दिएका सुझाव तथा मार्गदर्शनलाइ अवलम्बन गर्दै तर्जुमा गरिएको सर्केगाड गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२/०८३ को आर्थिक ऐन, २०८२ सर्वसम्मतले पारित गरी सभाबाट स्विकृतिका लागि गाउँसभाको १६ औ अधिवेशनमा अध्यक्ष मार्फत पेश गर्ने निर्णय गरियो।

ठान बहादुर रोकाया
अध्यक्ष

[illegible] आचार्य
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको चालु आर्थिक वर्ष ०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल समीक्षा गर्दा गाउँपालिकाको राजश्व संकलनको अवस्था कमजोर रहेको, वडा कार्यालयमा वडाका कर्मचारी तथा गाउँपालिकाको राजश्व शाखाले मासिक रूपमा राजश्व संकलन गरी बैँक दाखिलाको सक्कल भौचर लेखा शाखामा बुझाउने तथा अगामी दिनमा कर्मचारी तथा जनप्रतिनिधि जनउत्तरदायी भई कामकाज गर्नुपर्ने देखिएको छ

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को बजेट तथा कार्यक्रम गाउँ कार्यपालिकाका सदस्यहरूमाझ सैद्धान्तिक छलफल गरी आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि गाउँसभामा अध्यक्ष मार्फत पेश गर्ने निर्णय गरियो।

ठान बहादुर रोकाया
अध्यक्ष

कृष्ण केशर आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत